# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

बत्तिसपुतली, काठमाण्डौ

## बचत परिचालन आन्तरिक कार्यविधि-२०८१

(प्रथम संशोधन)

# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**बत्तिसपुतली, काठमाण्डौ**

**बचत परिचालन आन्तरिक कार्यविधी-२०७९**

संस्थामा आवद्ध बचतकर्ता सदस्यहरुले आफुले आर्जन गरेको आयबाट मितव्ययीताको भावना अभिवृद्धि गरी नियमित रूपमा संस्थामा जम्मा गरिने बचतलाई प्रभावकारी बनाउन र बचतकर्ता सदस्यलाई आफनो बचत सुरक्षित भएको अनुभुती दिलाउँदै सदस्यहरुको अर्थिक विकास गर्ने लक्ष्य प्राप्ति गर्न बचत कार्यबिधिको आवश्यकता महशुस गरी सहकारी ऐन २०७४ को दफा २८, वागमति प्रदेश सहकारी ऐन २०७६ को दफा २४ तथा संस्थाको विनियम २०७६ को दफा ८० बमोजिम यो **'बचत परिचालन आन्तरिक कार्यविधी -२०७९'** तर्जुमा गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बचत परिचालन आन्तरिक कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि साधारण सभाबाट स्विकृत भएपछि लागु हुनेछ ।

२. **परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **'कार्यविधी'** भन्नाले संस्थाको "**बचत परिचालन आन्तरिक कार्यविधी -२०७९**" लाई जनाउनेछ ।

(ख) **'संस्था'** भन्नाले **नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था** लिमिटेडलाई जनाउनेछ ।

(ग) **'समिति'** भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।

(घ) **'उप-समिति'** भन्नाले संस्थाको विनियम अनुसार कुनै खास जिम्मेवारी वहन गर्न खास समयमा सञ्चालक समितिद्वारा गठित कुनै उपसमिति सम्झनु पर्दछ ।

(ङ) **"लेखा सुपरिवेक्षण समिति"** भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.को बिनियम बमोजिम गठन भएको लेखा सुपरिवेक्षण समिति लाई जनाउनेछ ।

(च) **'सदस्य'** भन्नाले संस्थाको न्यूनतम १ कित्ता शेयर खरीद गरि संस्थामा नियमित रुपमा वचत वा ऋणको कारोवार गरि सक्रिय रहेका संस्थाका शेयर सदस्यहरुलाई जनाउनेछ ।

(छ) **'सञ्चालक'** भन्नाले संस्थाको संचालक समितिका पदाधिकारी लगायतका सदस्यहरु समेतलाई जनाउनेछ ।

(ज) **'व्यवस्थापक'** भन्नाले संस्थाको व्यवस्थापक लाई सम्झनुपर्दछ । सो शब्दले महाप्रवन्धक वा प्रमुख कार्यकारी अधिकृत लाई समेत जनाउँदछ ।

(झ) **'बचत'** भन्नाले सदस्यहरुले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.मा जम्मा गरेको बचत रकम सम्झनु पर्दछ ।

(ञ) **'आवधिक बचत'** भन्नाले निश्चित अवधी किटान भएको बचत रकम सम्झनु पर्दछ ।

(ट) **'नियमित बचत'** भन्नाले सदस्यहरुले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.मा अनिवार्य रुपमा मासिक जम्मा गरेको बचत रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्धेश्य,बचतका प्रकार तथा बचत संकलन

**३. उद्देश्यहरुः**

तपशिल बमोजिको उदेश्यहरु प्राप्त गर्न यो कार्यबिधि निमार्ण गरी लागु गरिएको छ ।

- क) संस्थामा जम्मा हुने बचतलाई नियमित गर्ने ।
- ख) संकलित बचतको सुरक्षा र सदुपयोग गर्ने ।
- ग) बचतकर्ताको हरहिसाव व्यवस्थित र पारदर्शी बनाउने ।
- घ) बचतको किसिम तथा व्याजको दर एकिन गर्ने ।
- ङ) लाभदायी आधारमा खातावही अध्यावधिक गर्ने ।
- च) फजुल खर्चलाई कम गरी बचत गर्नमा प्रेरित गर्ने ।
- छ) बचतको महत्वबारे सदस्य लाई बोध गराउने ।
- ज) सदस्यहरुको आर्थिक भविष्य सुरक्षित बनाउने ।
- ञ) सदस्यहरुको बालबालिकाको भविष्य उज्वल बनाउने ।

**४. बचत संकलनः**

- क) संस्थाले साधारण, नियमित र तीन वर्ष अवधि सम्मका आवधिक प्रकारका बचत खाताहरु सञ्चालन गर्नेछ । क्रमशः नियमित बचतको अंश कुल बचतको न्यूनतम् २५ प्रतिशत कायम गरिनेछ ।
- ख) कुनै सदस्यको नाममा एकै प्रकारको एक भन्दा बढी बचत खाताहरु सञ्चालन गरिनेछैन ।

  यस प्रयोजनको लागि फरक फरक मितिमा एकभन्दा बढी आवधिक खाताहरु सञ्चालन गर्न भने बाधा पुग्नेछैन ।
- ग) सदस्यले दश लाख रुपैयाँ भन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा स्रोत खुलाउनुपर्नेछ ।

**५. बचत संकलनको सीमा :**

- क) संस्थाले सदस्यहरुबाट मात्र बचत संकलन गर्नेछ ।
- ख) बचत संकलनको अधिकम् सीमा संस्थाको प्राथमिक पूँजीकोषको १५ गुणा सम्म मात्र हुनेछ ।
- ग) संस्थाको प्रतिसदस्य बचत संकलन सीमा संस्थाको प्राथमिक पूँजीकोषको दश प्रतिशत सम्म हुनेछ । यस प्रयोजनको लागि पूँजीकोषको गणना गर्दा प्रत्येक आर्थिक वर्षको साउन १ गते र माघ १ गते को तथ्यांकको आधारमा गणना गरिनेछ ।

**६. बचत खाताका प्रकारहरू :**

क) **नियमित बचत खाता** : सदस्यहरुले नियमित रुपमा बचत जम्मा गर्नुपर्ने प्रकृतिका बचत खाताहरु यस अर्न्तगत पर्दछन ।

**१. मासिक नियमित मासिक बचतः**

उद्धेश्यः सम्पुर्ण सदस्यहरुलाई मासिक रुपमा अनिवार्य बचत गर्न प्रेरित गर्दै सदस्यलाई भबिश्यमा समृद्ध बनाउने ।

**बचत रकमः** न्युनतम रु ५००/– र अधिकतम रु ३० हजार

**लक्षित समुहः** सबै सदस्यहरु

[illegible] मासिक

बचत संकलन विधि : सदस्यले संस्थामै आई बचत गर्नुपर्ने/कर्मचारीहरु बाट संकलन गरिने/QR Scan मार्फत पठाउँन सकिने ।

बचतको निस्सा तथा प्रमाणः पासबुक, SMS, बचत खाता बिबरण

बचत रसिद बिलम्ब शुल्क :रु ५०

बचत अवधीः सदस्यता कायम रहेसम्म निरन्तर

व्याजदर : तोकिए बमोजिम

व्याज प्रदान : त्रैमासिक

व्याज गणना बिधि : दैनिक मैज्दात

बचत फिर्ता :

क) सदस्यले नियमित बचत जम्मा गरेको ३ बर्ष पुरा भएपछि जम्मा भएको बचत रकम झिक्न पाउने ।

ख) ३ बर्ष अगावै नियमित बचतमा जम्मा गरेको रकम भुक्तानी लिन चाहेमा अन्तिम किस्ता रकम छोडी बाँकी रकममा रु १० प्रति किस्ता शुल्क तिरी भुक्तानी लिन सकिने ।

ग) बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पुर्जा/ सदस्यको निबेदन

घ) खाता बन्दी : सदस्यता फिर्ता वा सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछि खाता बन्दी शुल्क : रु २००

**ख) ऐच्छिक बचत खाताः** सदस्यहरुले जुनसुकै समयमा बचत रकम राख्न र झिक्न सक्ने प्रकृतीका बचत खाताहरु यस अर्न्तगत पर्दछन ।

**१. साधारण बचत :**

उद्धेश्यः सदस्यको आर्थिक कारोबारमा सरलता प्रदान गर्ने

बचत रकम : न्युनतम रु २५

लक्षित समुह :सबै सदस्यहरु

बचतको बारम्बरता : सदस्यको आवश्यकताअनुसार

बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्न सकिने/संस्थाका कर्मचारी मार्फत् बचत गर्न सकिने/ QR Scan मार्फत पठाउँन सकिने ।

बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण

अवधी : सदस्य रहेसम्म निरन्तर

व्याजदर : तोकीए बमोजिम

व्याज प्रदान : त्रैमासिक

व्याज गणना बिधि : दैनिक मौज्दात

न्युनतम मौज्दात : रु १०००/–

बचत फिर्ता : सदस्यले चाहेको बखत

संस्थाबाट बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पुर्जा

खाता बन्दी : सदस्यता फिर्ता वा सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछी

खाता बन्दी शुल्क : रु १००/-

**२. सुपर सेभिङ्ग :**

उद्धेश्यः सदस्यको आर्थिक कारोबारमा सरलता प्रदान गर्न

बचत रकम : न्युनतम रु १००

लक्षित समुह : साना व्यवसायिक सदस्यहरु

बचतको बारम्बरता : ऐच्छिक

बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्न सकिने/दैनिक

बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
बिलम्ब शुल्क : छैन
बचत अवधी : ऐच्छिक
सेयर रकमः न्यूनतक १ कित्ता
व्याजदर : तोकिए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु ५ हजार
बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जा
खाता बन्दी : ऐच्छिक
आकस्मिक फिर्ता व्यवस्था : जुनसुकै बेला
खाता बन्दी शुल्क : रु १००/-

**३. नारी बचत :**

उधेश्यः महिला सदस्यहरुलाई बचत प्रति अभिप्रेरित गर्ने
बचत रकमः न्युनतम रु १००
लक्षित समुह : गृहिणी तथा स्वरोजगार महिला
बचतको बारम्बरता : सदस्यको आवश्यकता अनुसार
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्न सकिने/ दैनिक बचत संकलनकत बाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
बचत अवधी : ऐच्छिक
व्याजदर : तोकिए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु ५ हजार
बचत फिर्ता : सदस्यले चाहेको बखत
बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जा
खाता बन्दी : ऐच्छिक
खाता बन्दी शुल्क : रु १००

**४. जेष्ठ नागरिक बचत :**

उद्धेश्यः सदस्यहरुको जेष्ठ उमेरको समयमा आर्थिक संकट पर्न नदिने ।
बचत रकम : न्युनतम रु १००
लक्षित समुह : ६० बर्ष भन्दा माथीका सदस्यहरु
बचतको बारम्बरता : सदस्यको आवश्यकता अनुसार
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्न सकिने/ दैनिक बचत संकलनकर्ता बाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
बचत अवधी : ऐच्छिक
व्याजदर : तोकीए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : सदस्यले चाहेको बखत
बचत फिर्ताका लागी आवश्यक कागजात :भुक्तानी पुर्जा
खाता बन्दी : सदस्यता फिर्ता वा सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछी
खाता बन्दी शुल्क : रु १००

बिशेष व्यवस्था :मासिक रु ५ हजार भन्दा बढि बचत गर्ने सदस्यलाई कम्तीमा ३ बर्ष बचत गरेपछि धार्मिक भ्रमणमा सहभागी गराईने ।

**५. गोल्डेन बचत** :

उद्धेश्यः न्यून आय भएका सदस्यहरुलाई बचत गर्न प्रोत्साहन गर्ने ।

बचत रकम : न्युनतम रु १००/–

लक्षित समुह : साना व्यवसायिक सदस्यहरु

बचतको बारम्बरता : सदस्यको आवश्यकताअनुसार

बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने / दैनिक बचत संकलनकत बाट संकलन गरीने ।

बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण

बचत अवधी : ऐच्छिक

व्याजदर : तोकीए बमोजिम

व्याज प्रदान : त्रैमासिक

व्याज गणना बिधि : दैनिक मौज्दात

बचत फिर्ता : सदस्यले चाहेको बखत

बचत फिर्ताका लागी आवश्यक कागजात :भुक्तानी पुर्जा

खाता बन्दी : सदस्यता फिर्ता वा सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछी

खाता बन्दी शुल्क : रु १००

**६. कर्मचारी बचत** :

उद्धेश्यः सदस्यको आर्थिक कारोबारमा सरलता प्रदान गर्न

बचत रकम : न्युनतम रु ५००/–

लक्षित समुह : संस्थाको कार्यक्षेत्रभित्र रहेका विभिन्न निकायमा कार्यरत कर्मचारीहरु ।

बचतको बारम्बरता : सदस्यको आवश्यकताअनुसार

बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने / दैनिक बचत संकलनकर्ता बाट संकलन गरीने ।

बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण

अवधी : ऐच्छिक

व्याजदर : तोकीए बमोजिम

व्याज प्रदान : त्रैमासिक

व्याज गणना बिधि : दैनिक मौज्दात

न्युनतम मौज्दात : रु ५०००

बचत फिर्ता : आवश्यकता अनुसार

बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जामा सम्बन्धित सदस्यको दस्तखत

खाता बन्दी : ऐच्छिक

खाता बन्दी शुल्क : रु १००/

**७. बाल बचतः**

उद्धेश्यः सदस्य संग आश्रित निजका बालबालिकाहरुको भविष्यको वित्तिय आवश्यकता पुरा गर्न बचत गर्ने बानि बसाल्ने खातामा सामान्यतया बढी मौज्दात कायम गर्न सक्ने उच्च आय भएका सदस्यहरुलाई बचत गर्न प्रेरित गर्ने ।

बचत रकम : ऐच्छिक

लक्षित समुह : सदस्यका बालबालिकाहरु
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने बचत/संकलनकर्ताबाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
अवधी : साबालक नभएसम्म
व्याजदर : तोकीए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु १००–
बचत फिर्ता : व्यक्ति सावालक भएको प्रमाण पेश गरेपश्चात
बचत फिर्ताका लागी आवश्यक कागजात : नागरिकताको प्रतिलिपी/संरक्षकको दस्तखत
खाता बन्दी : स्वतः
खाता बन्दी शुल्क : रु १००/–

८. **सेभिङ्ग प्लस बचत** :

उद्धेश्यः सामान्य भन्दा केहि बढी व्याज अपेक्षा गर्ने र खातामा सामान्यतया बढी मौज्दात कायम गर्न सक्ने उच्च आय भएका सदस्यहरुलाई बचत गर्न प्रेरित गर्ने ।
बचत रकम : २०००/–
लक्षित समुह : व्यापार व्यवसायमा संलग्न सदस्य
बचतको बारम्बरता : सदस्यको आवश्यकता अनुसार
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने बचत/संकलनकर्ताबाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
अवधी : ऐच्छिक
व्याजदर : तोकीए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु १० हजार
बचत फिर्ता :सदस्यको आवश्यकता अनुसार
बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जामा सम्बन्धित सदस्यको दस्तखत
खाता बन्दी : ऐच्छिक
खाता बन्दी शुल्क : रु १००/–
बिशेष व्यवस्था : खातामा न्यूनतम मौज्दात भन्दा कम रकम कायम भएमा व्याज हिसाव नहुने ।

९. **स्मार्ट बचत :**

उद्धेश्यः सामान्य भन्दा केहि बढी व्याज अपेक्षा गर्ने र खातामा सामान्यतया बढी मौज्दात कायम गर्न सक्ने उच्च आय भएका सदस्यहरुलाई बचत गर्न प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु १०००/
लक्षित समुह : खातामा सामान्यतया बढी मौज्दात कायम गर्न सक्ने उच्च आय भएका सदस्यहरु
बचतको बारम्बरता : सदस्यको आवश्यकताअनुसार

बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने बचत/संकलनकर्ताबाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
अवधी : ऐच्छिक
व्याजदर : तोकीए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु २५ हजार
बचत फिर्ता : सदस्यको आवश्यकता अनुसार
बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जामा सम्बन्धित सदस्यको दस्तखत
खाता बन्दी : ऐच्छिक
खाता बन्दी शुल्क : रु १००/–
बिशेष व्यवस्था : खातामा न्यूनतम मौज्दात भन्दा कम रकम कायम भएमा ब्याज हिसाव नहुने ।

**१०.नोमिनि बचत :**

उद्धेश्यः आवधिक बचत खाता भएका र अन्य बचत खाताहरु नभएका सदस्यहरुको आवधिक बचतको ब्याज भुक्तानी गर्ने प्रयोजनको लागि ।
बचत रकम : न्युनतम रु ०.
लक्षित समुह : अन्य बचत खाता खोल्नको लागि अनिच्छुक आवधिक बचतको ब्याज लिन चाहने सदस्यहरु
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : दैनिक बचत संकलनकर्ता बाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
बचत अवधी : ऐच्छिक
व्याजदर : तोकीए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु ०
बचत फिर्ता : आवश्यकता अनुसार
बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जामा सम्बन्धित सदस्यको दस्तखत
खाता बन्दी : ऐच्छिक/आवधिक बचत खाता बन्द भएको हुनुपर्ने
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था : नभएको

**११. Gen Z बचत खाता :**

उद्धेश्यः **Gen Z** सदस्यहरुलाई भविष्यको वित्तिय आवश्यकता पुरा गर्न बचत गर्ने बानी बसाल्ने कम उमेर समुहका सदस्यहरुलाई बचत गर्न प्रेरित गर्ने
बचत रकम : न्युनतम रु १००/
लक्षित समुह : १६ वर्ष देखि २८ वर्ष उमेर समुहका सदस्यहरु
बचतको बारम्बरता : सदस्यको आवश्यकताअनुसार
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने बचत/संकलनकर्ताबाट संकलन गरीने ।
बचतको निस्सा तथा प्रमाण : पासबुक, SMS, बचत खाता बिबरण
अवधी : ऐच्छिक

व्याजदर : तोकीए बमोजिम
व्याज प्रदान : त्रैमासिक
व्याज गणना बिधि : दैनिक मौज्दात
न्युनतम मौज्दात : रु ० /
बचत फिर्ता : सदस्यको आवश्यकता अनुसार
बचत फिर्ताका लागी आवश्यक कागजात : भुक्तानी पूर्जामा सम्बन्धित सदस्यको दस्तखत
खाता बन्दी : ऐच्छिक
खाता बन्दी शुल्क : रु १००/–
बिशेष व्यवस्था : खातामा न्यूनतम मौज्दात भन्दा कम रकम कायम भएमा ब्याज हिसाव नहुने ।

(यसै गरी आवश्यकता अनुसारका अन्य ऐच्छिक बचतका उत्पादनहरु थप गर्न सकिने छ । )

ग) **आवधिक बचत खाता :** सदस्यहरुले निश्चीत अवधी किटान गरी बचत जम्मा गर्ने प्रकृतीका बचत खाताहरु यस अर्न्तगत पर्दछन ।

**१) ६ महिना भन्दा कम अवधिको आवधिक बचत :**

उद्धेश्यः छोटो अवधिको लागि आवधिक बचत गर्न सदस्यहरुलाई प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु १० हजार
लक्षित समुह : निश्चित ब्याज आयमा आश्रित वर्ग
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने/संस्थाको आधिकारिक प्रतिनिधी मार्फत पनि संकलन गर्न सकिने ।
बचतको निस्सा तथा प्रमाण : आवधिक बचतको प्रमाणपत्र
बचत अवधी : ६ महिना भन्दा कम
व्याजदर : तोकिए बमोजिम
व्याज भुक्तानी : मासिक/त्रैमासिक/समयअवधी पुरा भएपछि
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : अवधि समाप्त भएपश्चात
बचत फिर्ताका लागी आवश्यक कागजातः भुक्तानी पूर्जा र आवधिक बचत रसिद
खाता बन्दी : अवधि समाप्त भएपश्चात स्वतः
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था :बचत रकमको ९० प्रतिशत थप २ प्रतिशत व्याजमा ऋण लिन सकिने ।

**२) ६ महिना अवधिको आवधिक बचत :**

उद्धेश्यः छोटो अवधिको लागि आवधिक बचत गर्न सदस्यहरुलाई प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु २५ हजार
लक्षित समुह : निश्चित ब्याज आयमा आश्रित वर्ग
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने/संस्थाको आधिकारिक प्रतिनिधी मार्फत पनि संकलन गर्न सकिने ।

बचतको निस्सा तथा प्रमाण : आवधिक बचतको प्रमाणपत्र
बचत अवधी : ६ महिना
व्याजदर : तोकिए बमोजिम
व्याज भुक्तानी : मासिक/त्रैमासिक/समयअवधी पुरा भएपछि
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : अवधि समाप्त भएपश्चात
बचत फिर्ताका लागी आवश्यक कागजात: भुक्तानी पूर्जा र आवधिक बचत रसिद
खाता बन्दी : अवधि समाप्त भएपश्चात स्वत:
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था :बचत रकमको ९० प्रतिशत थप २ प्रतिशत व्याजमा ऋण लिन सकिने ।

**३) १ बर्ष अवधिको आवधिक बचत :**

उद्धेश्य: छोटो अवधिको लागि आवधिक बचत गर्न सदस्यहरुलाई प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु १० हजार
लक्षित समुह : निश्चित ब्याज आयमा आश्रित वर्ग
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने/संस्थाको आधिकारिक प्रतिनिधी मार्फत पनि संकलन गर्न सकिने ।
बचतको निस्सा तथा प्रमाण : आवधिक बचतको प्रमाणपत्र
बचत अवधी : १ बर्ष
व्याजदर : तोकिए बमोजिम
व्याज भुक्तानी : मासिक/त्रैमासिक/ बार्षिक
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : समयअवधी पुरा भएपछि
बचत फिर्ताका लागी आवश्यक कागजात: भुक्तानी पूर्जा र आवधिक बचत रसिद
खाता बन्दी : अवधि समाप्त भएपश्चात स्वत:
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था :बचत रकमको ९० प्रतिशत थप २ प्रतिशत व्याजमा ऋण लिन सकिने ।

**४) २ बर्ष अवधिको आवधिक बचत :**

उद्धेश्य: मध्यम अवधिको लागि आवधिक बचत गर्न सदस्यहरुलाई प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु १० हजार
लक्षित समुह : निश्चित ब्याज आयमा आश्रित वर्ग
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने/संस्थाको आधिकारिक प्रतिनिधी मार्फत पनि संकलन गर्न सकिने ।
बचतको निस्सा तथा प्रमाण : आवधिक बचतको प्रमाणपत्र
बचत अवधी : २ बर्ष
व्याजदर : तोकिए बमोजिम
व्याज भुक्तानी : मासिक/त्रैमासिक/ बार्षिक
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : समयअवधी पुरा भएपछि

बचत फिर्ताका लागी आवश्यक कागजात: भुक्तानी पूर्जा र आवधिक बचत रसिद
खाता बन्दी : अवधि समाप्त भएपश्चात स्वत:
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था :बचत रकमको ९० प्रतिशत थप २ प्रतिशत व्याजमा ऋण लिन सकिने ।

**५) ३ बर्ष अवधिको आवधिक बचत :**

उद्धेश्य: लामो अवधिको लागि आवधिक बचत गर्न सदस्यहरुलाई प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु १० हजार
लक्षित समुह : निश्चित ब्याज आयमा आश्रित वर्ग
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने/संस्थाको आधिकारिक प्रतिनिधी मार्फत पनि संकलन गर्न सकिने ।
बचतको निस्सा तथा प्रमाण : आवधिक बचतको प्रमाणपत्र
बचत अवधी : ३ बर्ष
व्याजदर : तोकिए बमोजिम
व्याज भुक्तानी : मासिक/त्रैमासिक/ बार्षिक
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : समयअवधी पुरा भएपछि
बचत फिर्ताका लागी आवश्यक कागजात: भुक्तानी पूर्जा र आवधिक बचत रसिद
खाता बन्दी : अवधि समाप्त भएपश्चात स्वत:
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था :बचत रकमको ९० प्रतिशत थप २ प्रतिशत व्याजमा ऋण लिन सकिने ।

**६) नेगोसियबल आवधिक बचत :**

उद्धेश्य: आवधिक बचत लाई सदस्यको चाहना बमोजिमको अवधि निर्धारण गरि अधिकतम् अवधि ३ वर्षमा ननाघ्ने गरि बचत गर्न सदस्यहरुलाई प्रेरित गर्ने ।
बचत रकम : न्युनतम रु १० हजार
लक्षित समुह : निश्चित ब्याज आयमा आश्रित वर्ग
बचतको बारम्बरता : ऐच्छिक
बचत संकलन बिधि : सदस्यले संस्था मै आई बचत गर्नुपर्ने/संस्थाको आधिकारिक प्रतिनिधी मार्फत पनि संकलन गर्न सकिने ।
बचतको निस्सा तथा प्रमाण : आवधिक बचतको प्रमाणपत्र
बचत अवधी : अधिकतम् ३ बर्ष ननाघ्ने गरि सदस्यको चाहना बमोजिम
व्याजदर : तोकिए बमोजिम
व्याज भुक्तानी : मासिक/त्रैमासिक/ बार्षिक
व्याज गणना बिधि : दैनिक मौज्दात
बचत फिर्ता : समयअवधी पुरा भएपछि
बचत फिर्ताका लागी आवश्यक कागजात: भुक्तानी पूर्जा र आवधिक बचत रसिद
खाता बन्दी : अवधि समाप्त भएपश्चात स्वत:
खाता बन्दी शुल्क : निशुल्क
बिशेष व्यवस्था :बचत रकमको ९० प्रतिशत थप २ प्रतिशत व्याजमा ऋण लिन सकिने ।

(यसै गरी आवश्यकता अनुसारका अन्य आवधिक बचतका उत्पादनहरु थप गर्न सकिने छ ।)

७. **आवश्यक कागजातहरु :**

बचत खाता संचालन गर्न संस्थाले तयार गरेको फारम पुर्ण भरी तपसिल बमोजिको कागजातहरु पेश गर्नुपर्नेछ ।

क) नागरीकताको प्रतिलिपि
ख) पासपोर्ट साइजको फोटो
ग) इच्छाएको व्यक्तिको नागरीकता वा जन्मदर्ता प्रतिलिपि
घ) इच्छाएको व्यक्तिको पासपोर्ट साइजको फोटो ।
ङ) सदस्य पहिचान विवरण फाराम ।
च) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने प्रमाण ।

८. **बचतको स्विकार्यता :**

तपसिलको प्रकृयाबाट प्राप्त बचत स्विकार गरिनेछ ।

क) संस्थामा जम्मा हुन आएको नगद
ख) दैनिक बचतकर्ताबाट संकलन गरि ल्याएको नगद
ग) संस्थाकै एक सदस्यले अर्को सदस्यलाई (Account Payee) भुक्तानी पुर्जा मार्फत प्रदान गरिएको रकम
घ) संस्थाको बैक खातामा रकम जम्मा गरी प्राप्त भएको भौचर अनुसारको रकम
ङ) मोवाइल बैकिङ वा अन्य कुनै बिद्युतीय माध्यमबाट रकमन्तर भई प्राप्त भएको रकम
च) सदस्यबाट प्राप्त भएको कुनैपनि बैक तथा बित्तिय संस्थाको चेक फरफारक भई संस्थाको नाममा जम्मा भईसकेपछी मात्र बचतप्राप्त भएको मानिनेछ । चेक फरफारक गर्न लाग्ने शुल्क सम्बन्धित सदस्यले नै बहन गर्नुपर्नेछ ।
छ) संस्थाले नेपाली मुद्राको मात्र कारोबार गर्नेछ ।

९. **बचतमा ब्याजको व्यवस्था :**

संस्थाले लागू गरेको विभिन्न किसिमको बचतको ब्याजदर नियमकारी निकायबाट जारी सन्दर्भ ब्याजदरको आधारमा बजार स्थिति, प्रतिस्पर्धी संस्थाहरुको ब्याजदर अनुसार समय समयमा विश्लेषण गरी त्यसलाई मध्यनजर गर्दै समय सापेक्ष अनुसार संचालक समितिको निर्णयबाट निर्धारण भए बमोजिम हुनेछ । ब्याजमा प्रचलित कानुन अनुसार ब्याजकर कट्टी गरिनेछ । आवधिक बचतको हकमा सम्झौता भइसकेपछी सम्झौता अवधिभर ब्याजदर परिर्वतन गरिनेछैन ।

१०. **समिति सदस्य र कर्मचारीका लागी थप अनिवार्य बचत :**

संचालक समिति तथा कर्मचारीहरु संस्था संचालनमा प्रत्यक्ष सहभागीता रहने भएकाले संस्थाप्रतीको थप जिम्मेवारीबोध गराउन संचालक तथा कर्मचारीहरुलाई आफ्नो कार्यकालभरी अन्य सदस्यहरु भन्दा केही थप अनिवार्य बचतको व्यवस्था गरिएको छ । संचालक समिति र कर्मचारीहरुको लागि नियमित मासिक बचत न्यूनतम रु २०००/– कायम गरिएको छ ।

११. **ऋणी सदस्यका लागी थप अनिवार्य बचत :**

संस्थाको उदेश्य सदस्यलाई आर्थिक रुपमा सवल बनाउने भएको साथै सदस्यलाई आय आर्जन गर्नको लागी ऋण उपलब्ध गराउने भएकोले संस्था वाट ऋण लिइ कारोवार गर्ने सदस्यहरुले ऋण लिएको अवधि भरी अनिवार्य रुपमा न्यूनतम मासिक रु ३०००/– बचत जम्मा गनपर्नेछ ।

## परिच्छेद २
## बचत फिर्ता तथा हिसाब मिलान

**१२. बचतको भुक्तानी :**

सदस्यहरूले संस्थामा आफ्नो खातामा जम्मा गरेको रकम आफ्नो आवश्यकताको समयमा झिक्न पाउनेछन् । तर, संस्थामा सदस्यहरुले जम्मा गरेको बचतलाई लामो समय सम्म सुरक्षा गरी बचतकर्ताको भविस्य सहकारी संस्थाको संस्थागत दीगो विकासको लागि विशेष व्यवस्था गर्न भने यस कार्यबिधिले बाधा पार्नेछैन । बचत जम्मा गरेका शेयर सदस्यहरुले बचत फिर्ता माग्न आएको देहायको अवस्थामा संस्थाले बचत फिर्ता दिनेछः

(क) सदस्यले भुक्तानी पुर्जामा तोकिएका विवरण भरी दस्तखत नमूना अनुसारको दस्तखत गरी निवेदन पेश गरेमा ।

(ख) बचत फिर्ता माग गर्ने सदस्यको खातामा पर्याप्त रकम भएमा ।

(ग) बचत जम्मा गर्दा वा सम्झौता बमोजिमका सबै शर्त र अवधि पुरा भएमा ।

(घ) बचत फिर्ता मागको निवेदनमा आवश्यक सम्पूर्ण विवरणहरु ठीक भएमा ।

(ङ) संस्थाको सदस्यता खारेज भएको अवस्थामा ।

(च) बचत फिर्ताका सबै शर्तहरु पुरा भएता पनि आवधिक बचतको तोकिएको अवधि पुरा नहुँदै र अन्य बचत खातामा कार्यबिधिगत व्यवस्था भएको न्यूनतम राख्नुपर्ने भनि तोकिएको रकम भुक्तानी दिन संस्था बाध्य हुनेछैन ।

(छ) आवधिक बचत भने तोकिएको समयसीमा पुरा नहुँदै फिर्ता गर्न संस्था बाध्य हुने छैन । सदस्यलाई वित्तिय समस्या आएको अवस्थामा यस शिर्षकमा भएको सदस्यको बचत रकमलाई जमानत राखि संस्थाबाट ऋण लिन सकिनेछ । तर यदी कुनै कारणवश कुनै सदस्यले अवधि पुरा नहुँदै खाता बन्द गर्न चाहेमा बचतमा कायम रहेको न्यूनतम व्याजदरले हिसाव गरि भूक्तानी दिने निर्णय गर्न सक्नेछ ।

(ज) संस्था वा कम्पनिको नाममा काटिएको भुक्तानी पूर्जाको भुक्तानी अनिवार्य रुपमा बैंक चेक /Corporate Pay सेवा मार्फत भुक्तानी गरिनेछ ।

(झ) नेपाल राष्ट्र बैंकले तोकेको प्रति कारोवार नगद सीमा भन्दा बढीको भुक्तानी अनिवार्य बैंक चेक/Corporate Pay सेवा मार्फत सम्बन्धित व्यक्ति/संस्थाको खातामा जम्मा.गरिनेछ ।

(ञ) संस्थाले अवलम्बन गरेको डिजिटल सिस्टममा आबद्ध भई सदस्यहरुले आफ्नो कारोवार तोकिएको सीमा बमोजिम गर्न सक्नेछन् ।

**१३. खाता बन्दी :**

शेयर सदस्यले आफ्नो सदस्यता त्याग गरेको अवस्थामा संस्थामा संचालनमा रहेका सबै खाताहरू स्वतः बन्द गरिनेछ । शेयर सदस्यले संस्थागत व्यवस्था बमोजिमको निवेदन र खाता बन्दी शुल्क बुझाई सदस्यता त्याग गर्न सक्नेछन् ।

**१४.वचतको अभिलेख :**

संस्थामा सदस्यहरुले जम्मा गरेको बचत/वचतलाई प्रत्येक सदस्यको बचत/वचतगत खाता खोली व्यवस्थित रुपमा अभिलेख राख्नेछ । संस्थाले प्रविधिहरुको उच्चतम प्रयोग गरी सदस्यहरुको बचतको अभिलेखलाई थप व्यवस्थित एवं पारदर्शी रुपमा सफ्टवेयरमा रेकर्ड व्यवस्थापन गर्नेछ ।

(क) सदस्य जिवित रहँदासम्म संस्थामा निजको नाममा रहेको बचतमा अरु कसैको हकदाबी लाग्ने छैन ।

(ख) सदस्यको मृत्यु भएमा निजले ईच्छाएको व्यक्तिको हक लाग्ने छ । कानुन बमोजिमका हकवाला र ईच्छाएको व्यक्ति फरक भई तोकिएको समय भित्र दुवै पक्षबाट मृत्युदर्ताको प्रमाण सहित दावी गर्न आएमा द्वीपक्षीय समझदारी बमोजिम वा अदालती प्रक्रियाबाट टुङ्गो लागेपश्चात मात्र कानुनले तोकेको व्यक्तिलाई भुक्तानी दिईनेछ ।

(ग) सदस्यले ईच्छाएको व्यक्ति किटान नगरेको अवस्थामा प्रचलित कानून वमोजिमको हकवालाको हक लाग्नेछ ।

(घ) सदस्यको मृत्यु भएको २ वर्षसम्म पनि कुनै व्यक्तिबाट निजको नाममा रहेको बचतमा दावी गर्न नआएमा संस्थाले सार्वजनिक सुचना प्रकाशित गरी दावी माग गर्नेछ । यसरी सुचना गर्दा समेत बचत फिर्ताका लागि कसैको दावी नआएमा त्यस्तो बचत रकम भुक्तानी दिनुपर्ने खातामा सारिनेछ । सदस्यको मृत्यु भएको ५ बर्ष सम्म पनि बचतमा कसैको पनि हकदाबी नभएमा प्रचलित कानुन बमोजीम हुनेछ ।

**१६. पासबुक रुजु तथ हिसाव मिलान सम्बन्धी व्यवस्था :**

संस्थाका: सदस्यहरुको पासबुक रुजु तथा हिसाबमिलान तपशिल बमोजिम गरिने ।

क) दैनिक बचतको पासबुक सदस्यको व्यक्तिगत खातासंग भिडाई मासिक रुपमा रुजु गरी हिसाव मिलान गर्नु पर्नेछ ।

ख) अन्य बचतको हकमा सदस्यले नै त्रैमासिक रुपमा पासबुक अध्यावधिक गराउनुपर्नेछ ।

ग) कारोवार गरेको ६ महिना सम्मपनि पासबुक अद्यावधिक नभएमा कार्यालयमा भएको रेकर्ड अनुसार नै अद्यावधिक भएको मानिनेछ ।

## परिच्छेद ३
## बिबिध

**१७. बचतको परिचालन :**

सदस्यको बचत तपसीलका कार्य बाहेक अन्य कुनै पनि कार्यमा परिचालन गर्न बन्देज गरिएको छ ।

क) सदस्यलाई ऋण लगानी

ख) सहकारी संघहरुको शेयर खरिद

ग) सहकारी बैकको शेयर खरिद

घ) नेपाल सरकारले जारी गरेको ऋणपत्र खरिद

ङ) साना किसान लघुबित्त संस्थाको सेयर खरिद

च) बैंक वित्तीय संस्था तथा सहकारी बैंकहरुमा मुद्धती लगानी,

छ) राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मापदण्ड निर्धारण गरि तोकेको क्षेत्रमा

**१८. व्याख्या :**

यस कार्यबिधिको व्याख्या गर्ने अधिकार सञ्चालक समितिमा निहित रहनेछ ।

**१९. संसोधन तथा थपघट :**

यस कार्यबिधिमा संसोधन तथा थपघट गर्ने अधिकार साधारण सभामा रहनेछ ।

**२०. खारेजी र बचाउ :**

(क) यो कार्यबिधि जारी भएपछि यस भन्दा अगाडी कार्यान्वयनमा रहेको बचत कार्यबिधि स्वत: खारेज हुनेछ । सो कार्यबिधि अनुरुप हालसम्म भएका काम कारवाहीहरु यसै बचत कार्यबिधि अनुरुप भए गरेको मानिनेछ ।

(ख) प्रचलित अन्य कानुन एवं संस्थामा कायम रहेको विनियमसँग बाझिएको हदसम्म यो कार्यबिधिको व्यवस्था स्वतः निस्क्रिय हुनेछन्।

यस कार्यविधिको (प्रथम संशोधन) मस्यौदा मिति २०८२/०९/१२ मा सम्पन्न संस्थाको २८ औं बार्षिक साधारणसभाको निर्णय नं. १० बाट पारित गरि लागु गरिएको छ ।

**समाप्त**

अनुसुची १

बचत खाता संचालन फाराम

**नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

**NAWAKANTIPUR**

**Saving and Credit Co-operative Society Ltd.**

## A/C OPENING APPLICATION FORM

## खाता खोल्न आवेदन फाराम

| | |
|---|---|
| A/C No. | |
| Client Code no. | |
| Nominee's A/C no. | |
| Date | |

The Chairman
अध्यक्ष ज्यू
**Nawakantipur Saving and Credit Co-operative Society Ltd.**
नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

Being a ____________________ No. share member of that organization, I/we wish to open an account with following particulars
उक्त विषयमा म त्यस संस्थाको ____________________ नं.को शेयर सदस्य भएकोले निम्न विवरण अनुसारको खाता खोलिदिन हुन यो निवेदन गरेको छु ।

**A. With Title /** निम्न शिर्षकमा

**Saving** बचत ☐

| | | |
|---|---|---|
| ☐ Smart Saving स्मार्ट बचत | ☐ Normal Saving साधारण बचत | ☐ Super Saving सुपर बचत |
| ☐ Saving Plus सेभिङ प्लस | ☐ Nari Bachat Khata नारी बचत खाता | ☐ Bal Bachat Khata बाल बचत खाता |
| ☐ Jestha Nagrik Bachat Khata जेष्ठ नागरिक बचत खाता | ☐ Golden Saving Khata गोल्डेन बचत खाता | ☐ Employee Saving Khata कर्मचारी बचत खाता |

**Term** आवधिक ☐

| | | | |
|---|---|---|---|
| Rs. रु. | | In Words Rs. अक्षरणी रु. | |
| Period अवधि | | | |

Mode of Interest Payment
ब्याज भुक्तानी लिने तरिका

☐ Monthly मासिक ☐ Quarterly त्रैमासिक ☐ Yearly वार्षिक

**B. In the Name of Mr./Mrs./Ms**

उल्लेख हुने नाम श्रीमान्/श्रीमती/सुश्री

**C. Personal Information of account holder(s):** खातावालाको/का व्यक्तिगत विवरण

| Name of Account holder खातावालाको नाम | A. | B. | C. |
|---|---|---|---|
| Father's Name बाबुको नाम | | | |
| Mother's Name आमाको नाम | | | |
| Grandfather's Name बाजेको नाम | | | |
| Spouse's Name पति/पत्नीको नाम | | | |
| Nationality राष्ट्रियता | | | |
| Occupation पेशा | | | |
| Education शैक्षिक योग्यता | | | |
| Date of Birth जन्म मिति | | | |
| Citizenship/Passport No. नागरिकता वा पासपोर्ट नं. | | | |
| Issue Date and Place जारी गरिएको स्थान र मिति | | | |
| PAN Number पान नम्बर | | | |

| D. In case of Minor नाबालकको हकमा | | | |
|---|---|---|---|
| Name of Account holder<br>खातावालाको नाम | | | |
| Date of Birth<br>जन्म मिति | | | |
| Date of attaining majority<br>बालिग हुने मिति | | | |
| Name of Guardian<br>अभिभावकको नाम | | | |
| Relation with Minor<br>नाबालकसँगको नाता | | | |

| E. Contact Details सम्पर्क विवरण: | | | |
|---|---|---|---|
| Permanent Address<br>स्थायी ठेगाना | प्रदेश : ..........<br>Province<br>जिल्ला : ..........<br>District<br>गा.पा./नगरपालिका : ..........<br>Rural M./Municipality<br>वडा नं. ...... टोल: ..........<br>Ward no.<br>घर नं.: ..........<br>House No. | प्रदेश : ..........<br>Province<br>जिल्ला : ..........<br>District<br>गा.पा./नगरपालिका : ..........<br>Rural M./Municipality<br>वडा नं. ...... टोल: ..........<br>Ward no.<br>घर नं.: ..........<br>House No. | प्रदेश : ..........<br>Province<br>जिल्ला : ..........<br>District<br>गा.पा./नगरपालिका : ..........<br>Rural M./Municipality<br>वडा नं. ...... टोल: ..........<br>Ward no.<br>घर नं.: ..........<br>House No. |
| Present Address<br>हालको ठेगाना | प्रदेश : ..........<br>Province<br>जिल्ला : ..........<br>District<br>गा.पा./नगरपालिका : ..........<br>Rural M./Municipality<br>वडा नं. ...... टोल: ..........<br>Ward no.<br>घर नं.: ..........<br>House No. | प्रदेश : ..........<br>Province<br>जिल्ला : ..........<br>District<br>गा.पा./नगरपालिका : ..........<br>Rural M./Municipality<br>वडा नं. ...... टोल: ..........<br>Ward no.<br>घर नं.: ..........<br>House No. | प्रदेश : ..........<br>Province<br>जिल्ला : ..........<br>District<br>गा.पा./नगरपालिका : ..........<br>Rural M./Municipality<br>वडा नं. ...... टोल: ..........<br>Ward no.<br>घर नं.: ..........<br>House No. |
| Phone no. (Office)<br>सम्पर्क नं.(कार्यालय) | | | |
| Phone no. (Residence)<br>सम्पर्क नं.(आवास) | | | |
| Mobile no.<br>मोबाइल नं. | | | |
| E-mail Address<br>ईमेल ठेगाना | | | |

**F. Nominee Detail** इच्छाएको व्यक्तिको विवरण-मेरो/हाम्रो मृत्यु पश्चात यस खातामा रहेको रकम पाउने गरी तल उल्लेखित व्यक्तिलाई हकवाला मनोनित गरेको छु/छौं।

| | | | |
|---|---|---|---|
| Nominee's Name<br>मनोनित व्यक्तिको नाम | | | |
| Date of Birth<br>जन्म मिति | | | |
| Contact Address<br>सम्पर्क ठेगाना | | | |
| Mobile no.<br>मोबाइल नं. | | | |
| Father's Name<br>बाबुको नाम | | | |
| Grandfather's Name<br>बाजेको नाम | | | |
| Relation with A/C Holder<br>खातावालासँगको सम्बन्ध | | | |
| A/C Holder's Signature<br>खातावालाको दस्तखत | .......... | .......... | .......... |

## पे.अ. स्लीप आवेदन

कृपया म/हामीलाई .......................... वटा पन्ना संलग्न भएको नयाँ पे.अ. स्लीप म स्वयंलाई/मेरो प्रतिनिधि .......................................... लाई उपलब्ध गराईदिनुहोला । आजको मितिले ३ महिना भित्र पे.अ. स्लीप लिन नआएमा मेरो/हाम्रो खाताबाट आवश्यक शुल्क कट्टा गर्नको लागि सहमत छु/छौं

.......................................
खातावालाको दस्तखत

.......................................
खातावालाको प्रतिनिधिको दस्तखत

**G. Account Type / खाताको किसिम**

- ☐ **Personal Account** / व्यक्तिगत खाता
  - Citizenship Certificate / नागरिकता प्रमाण-पत्र
  - Passport / राहदानी
  - Others Specify / अन्य विवरण

- ☐ **Sole Proprietorship Account** / एकल प्रोप्राइटरशीप खाता
  - Registration Certificate / दर्ता प्रमाण-पत्र
  - Citizenship Certificate of Proprieter / प्रोप्राइटरको नागरिकता प्रमाण-पत्र
  - Tax Certificate / आयकर दर्ता प्रमाण-पत्र

- ☐ **Partnership A/C** / साझेदारी खाता
  - Partnership Agreement Deed / साझेदारी सम्झौताको लिखत
  - Tax Certificate / आयकर दर्ता प्रमाण-पत्र
  - Firm Registration Certificate / फर्म दर्ता प्रमाण-पत्र
  - Citizenship Certificate of Partner / साझेदारको नागरिकता प्रमाण-पत्र

- ☐ **Limited Company A/C** / लिमिटेड कम्पनी खाता
  - Registration Certificate / दर्ता प्रमाण-पत्र
  - Memorandum & Articles of Association / प्रबन्धपत्र र नियमावली
  - Name, Address of Director & Office Bearers of the Limited Company with copy of Citizenship Certificate / सञ्चालक तथा पदाधिकारीहरुको नाम, ठेगाना र नागरिकता प्रमाण-पत्र
  - Name & Signature of the Person Authorized to Operate an account / खाता सञ्चालकहरुको नाम र हस्ताक्षर
  - Operation Commencement Certificate (For Public Ltd. Co.) / कम्पनी सञ्चालन शुरु भएको प्रमाण-पत्र (पब्लिक लि. कम्पनीको लागि मात्र)
  - Resolution of Board of Directors regarding Opening & conduct of an account / खाता खोल्न तथा सञ्चालनका लागि समितिको निर्णय
  - Tax Certificate / आयकर दर्ता प्रमाण-पत्र

- ☐ **Club, Society & Association Account** / क्लब, संघ-संस्था खाता
  - Registration Certificate / दर्ता प्रमाण-पत्र
  - Resolution Regarding Opening & Conduct of Account / खाता खोल्न तथा सञ्चालन गर्नका लागि समितिको निर्णय
  - Name & Signature of the Person Authorized to Operate an account / खाता सञ्चालकहरुको नाम र हस्ताक्षर
  - Constitution By-Laws / विधान
  - List of Office Bearers / पदाधिकारीहरुको सूचि

**H. Mode of Account Operation**
**खाता सञ्चालन प्रकृया**

☐ SINGLY / एकल  ☐ JOINTLY / संयुक्त  ☐ SPECIAL INSTRUCTION (Tick any one) / विशेष आदेश (कुनै एकमा मात्र रेजा लगाउने)

- (i) Either of us or survivor (हामी मध्ये दुवै वा जीवित रहेका)
- (ii) Former or survivor (अगाडि नाम उल्लेख वा जीवित रहेका)
- (iii) Any one of us singly (हामी मध्ये एक)
- (iv) Any other (specify) अन्य (विशेष)

## खाता सञ्चालन सम्बन्धी सामान्य नियमहरु

१. खाता सञ्चालनको लागि आवश्यक कागजातहरु संस्थाले तोकिदिए बमोजिम निवेदनसाथ पेश गर्नु पर्नेछ ।

२. प्रदेश सहकारी ऐन २०७६ बमोजिम सदस्यहरुले खाता खोली खाता सञ्चालन गर्नुपर्नेछ ।

३. खातावालाहरुले सम्बन्धित खाता सञ्चालन प्रयोजनका लागि संस्थाले दिएको पे.अ. स्लिपबाट मात्र आफ्नो/उनको/उनीहरुको खाताबाट रकम झिक्न सक्नेछन् । पे.अ. स्लीपमा गरिने दस्तखत संस्थालाई दिएको नमुना अनुसार हुनुपर्नेछ र पे.अ.स्लिपमा केही हेरफेर गरिएमा पुरा दस्तखतद्वारा त्यसलाई प्रमाणित गर्नुपर्नेछ ।

४. सदस्यहरुको खातामा जम्मा तथा खर्च भएको रकमलाई शुद्धताका साथ अभिलेख गर्ने कुरामा संस्थाले पुरापुर ध्यान दिनेछ, तर कारणबस कुनै गल्ती भएको खण्डमा विना सूचना खाता समायोजन गरी सच्याउने र सदस्यहरुसँग लिन बाँकी रकम असुल गर्ने अधिकार संस्थालाई हुनेछ ।

५. अन्यथा सम्झौता नभएको अवस्थामा दुई वा दुईभन्दा बढि व्यक्तिको नाममा कुनै खातामा रहेको रकम ती मध्ये एक वा एकभन्दा बढी व्यक्तिको मृत्यु भएमा मृतकहरुद्वारा इच्छाएको व्यक्तिहरुलाई सो रकम भुक्तानी गरिनेछ र खातामा संस्थालाई तिर्नुपर्ने रकम छ भने जीवित व्यक्तिहरु तथा मृतक खातावालाहरुको सम्पत्तिबाट संयुक्त तर्फबाट पृथकरुपबाट सो रकम भुक्तान गर्नुपर्नेछ ।

६. सदस्यहरुले संस्थाबाट प्रदान गरिएको पे.अ.स्लीप सुरक्षित राख्नु पर्दछ । पे.अ.स्लीप हराएका अवस्थामा सदस्यले संस्थालाई तत्काल लिखित सूचना दिनुपर्नेछ । संस्थाको काउन्टरबाट पे.अ.स्लीप प्राप्त गर्दा रिसिप्ट अनुसारको छ छैन गन्ति गर्नुपर्दछ । यसरी जारी गरिएको आधारमा भएको भुक्तानीमा सदस्य स्वयं जिम्मेवार हुनु पर्नेछ ।

७. संस्थाको तर्फबाट दिइने रसिद, पे.अ. स्लिप आदि संस्थाको मान्यता प्राप्त अधिकृतहरुको दस्तखत भएमा मात्र प्रमाणित मानिनेछ ।

८. संस्थाले सदस्यसँग असुल गर्नुपर्ने रकम जस्तै ब्याज, तथा अन्य शुल्क बिना सूचना सदस्यको खाताबाट असुल गर्ने अधिकार संस्थासँग सुरक्षित रहनेछ ।

९. सूचना जारी गरी कुनै वा सबै नियमहरुमा थप गर्ने वा परिवर्तन गर्ने सर्वाधिकार संस्थासँग सुरक्षित रहनेछ र यस्ता परिवर्तन वा थप नियमहरु सबै सदस्यहरुका लागि तत्काल लागु हुनेछ ।

१०. पूर्व-सूचनाविना कुनै खाताबन्द गर्ने अधिकार संस्थासँग सुरक्षित रहनेछ र यसो गर्नुको कारणबारे सदस्यहरुलाई बताइरहन संस्था बाध्य हुने छैन ।

११. समय-समयमा संस्थाबाट दिइने खाताको विवरणमा अन्यथा भएको लिखित जानकारी खातावालको विवरण पठाएको पन्ध्र (१५) दिनभित्र संस्थालाई जानकारी नगराए सो विवरण दुरुस्त भएको मानिनेछ ।

१५. रू. १०००।- भन्दा कम रकमको पे.अ. स्लिपको भुक्तानी दिन संस्था बाध्य हुनेछैन ।

१६. ब्याजको गणना गर्दा वार्षिक ३६५ दिनलाई आधार मानिनेछ । ब्याज जम्मा गर्दा नेपाली पात्रो अनुसार प्रत्येक ३ महिना (आषाढ मसान्त, आश्विन मसान्त, पौष मसान्त र चैत्र मसान्त) मा खातामा जम्मा गरिनेछ । यस्तो ब्याजमा नेपाल सरकारद्वारा निर्धारित कर तथा अन्य शुल्कहरु लाग्नेछ ।

१७. संस्थाले प्रदान गरेको/गर्ने SMS तथा Internet Statement सेवा मार्फत सदस्यहरुलाई प्राप्त हुने सूचना सदस्यहरुको असावधानिवस खाताको विवरण अन्य व्यक्तिलाई थाहा भएमा वा सोबाट खातावालालाई कुनै प्रकारको नोक्सानी पर्न गएमा संस्था जिम्मेवार हुनेछैन ।

- मैले/हामीले खातामा राखेको रकम प्रचलित कानून सम्मत कारोबारबाट प्राप्त भएको हो । खातामा कानून सम्मत कारोबार मात्र गर्नेछु/छौ । मुद्रा निर्मलिकरणको प्रयोजनको लागि खाता प्रयोग गर्नेछैन/छैनौं । गैरकानूनी कारोबारमा खाता प्रयोग गरिएको छ भन्ने संस्थाको जानकारीमा आएमा वा संस्थालाई त्यस्तो लागेमा खाता रोक्का गरि त्यसको सूचना सम्बन्धित निकायमा दिएमा मेरो/हाम्रो पूर्ण मञ्जुरी छ ।
- माथिका खाता सञ्चालन सम्बन्धि सामान्य नियमहरु अध्ययन गरे/गर्यौं र उक्त नियमहरु मान्न पूर्ण रुपमा मञ्जुर गर्दछु/गर्दछौं । मेरो/हाम्रो खाता सञ्चालन निम्न अनुसारको दस्तखत/हरुबाट हुनेछ ।

| दाँया | बाँया |
|---|---|
| | |

दस्तखत

## SPECIMEN SIGNATURE दस्तखत नमुना

(Special Instruction विशेष निर्देशन):- ..........

| Name: 1 | Name: 2 |
|---|---|
| Signature<br>दस्तखत<br><br>हालसालै खिचेको पासपोर्ट साईजको फोटो र फोटोमा पर्ने गरी सदस्यको दस्तखत | Signature<br>दस्तखत<br><br>हालसालै खिचेको पासपोर्ट साईजको फोटो र फोटोमा पर्ने गरी सदस्यको दस्तखत |
| **Name: 3** | **Name: 4** |
| Signature<br>दस्तखत<br><br>हालसालै खिचेको पासपोर्ट साईजको फोटो र फोटोमा पर्ने गरी सदस्यको दस्तखत | Signature<br>दस्तखत<br><br>हालसालै खिचेको पासपोर्ट साईजको फोटो र फोटोमा पर्ने गरी सदस्यको दस्तखत |

## कार्यालय प्रयोजनको लागि
## FOR OFFICE USE ONLY

Account Opened by
खाता खोलाउने व्यक्तिको

Name
नाम

Signature
दस्तखत

Approved By:
प्रमाणित गर्ने

Name
नाम

Signature
दस्तखत

Signaure Scaned & Verified by:
दस्तखत स्क्यान तथा प्रमाणित गर्ने:

Name
नाम

Signature
दस्तखत

Date:
मिति: